**बीमा ऐन, २०४९ को दफा १० को उपदफा (२) को खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले बीमक दर्ताको लागि दिइने निवेदन साथ संलग्न गर्नु पर्ने गरी देहायका कागजातहरु तोकेको छ ।**

**१.१ बीमा ऐन, २०४९ को दफा १० बमोजिम बीमक दर्ताको प्रमाणपत्र प्राप्त गर्नको लागि समितिमा निवेदन दिने संगठित संस्थाले बीमा ऐन, २०४९ को दफा १० तथा बीमा नियमावली, २०४९ को नियम ७ मा उल्लेखित कागजातको अलावा देहायका कागजातहरु संलग्न गर्नुपर्ने छ :**

(क) अनुसूची-१ बमोजिम प्रस्तावित बीमकको सम्भाव्यता अध्ययन प्रतिवेदन- २ प्रति ।

(ख) बीमक दर्ता गर्नु अघि त्यस्तो बीमक दर्ता गर्ने सम्बन्धमा संस्थापकहरु बीच सम्झौता गरेको भए सोको प्रतिलिपि ।

(ग) संस्थापकहरुको आयश्रोत र प्रस्तावित बीमकको शेयरमा लगानी गर्न सक्ने अवस्था खुलेको बिबरण ।

(घ) अनुसूची-२ वमोजिम प्रस्तावित बीमकको संस्थापक (हरु) को व्यक्तिगत विवरण ।

(ङ) संस्थापक (हरु) कालो सूचिमा नरहेको आधिकारिक पत्र ।

(च) संस्थापकहरुले बीमक दर्ताको निवेदन दिनु भन्दा अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाण खुल्ने कागजात ।

(छ) संस्थापकहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ज) संस्थापकहरुको वित्तीय स्वार्थ भएको कुनै संस्था भए त्यस्तो संस्थाको विवरण खुल्ने कागजात ।

(झ) प्रस्तावित बीमकको देहायका कागजात :

(१) कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी विनियमावली तथा आर्थिक प्रशासन सम्बन्धी विनियमावली ।

(२) बीमाशुल्कदर निर्धारण गर्ने सम्वन्धमा अवलम्बन गरिने आधारहरु खुल्ने कागजात ।

(३) बीमा जोखिमाङ्कन (Underwriting), ग्राहक सेवा, बीमा दाबी भुक्तानी र बजार प्रवर्द्धन सम्बन्धी छुट्टाछुट्टै निर्देशिकाहरु ।

(ञ) प्रस्तावित बीमकले कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थासंग कुनै प्रकारको सेवा लिन चाहेको भए सो सम्बन्धी सम्झौता वा सहमती पत्र ।

१.२ प्रस्तावित बीमकको संस्थापक संगठित संस्था भएमा बुँदा नं.१.१ मा उल्लेख भएका कागजातहरुको अतिरिक्त देहाय बमोजिमका थप कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

(क) दर्ता प्रमाणपत्र र कारोवार गर्न इजाजत पाएको भए सो को प्रतिलिपि ।

(ख) संगठित संस्थाको तर्फबाट बीमकमा लगानी गर्ने प्रतिशत सम्बन्धमा भएको निर्णय प्रति र संगठित संस्थाको तर्फबाट बीमकमा प्रतिनिधित्व गर्ने भए प्रतिनिधित्व गर्ने व्यक्ति/संस्था किटान गरिएको संचालक समितिको निर्णयको प्रतिलिपि ।

(ग) प्रबन्धपत्र तथा नियमावली तथा संस्थापना सम्बन्धी प्रमाणको प्रतिलिपि ।

(घ) संचालकहरुको नामावली र निजहरुको वित्तीय स्वार्थ भएको संस्था (हरु)को विवरण ।

(ङ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।

(च) लगानी गर्न सक्ने सक्षमता देखिने बिगत तीन आ.ब. को कम्पनीको सकारात्मक नेटवर्थ ( Networth) देखिएको बार्षिक आर्थिक प्रतिबेदन ।

तर सो अवधि भन्दा कम अवधि संचालनमा रहेका कम्पनी हकमा संचालन अवधि सम्म ।

१.३ विदेशी संयुक्त लगानीमा संस्थापना भएको संगठित संस्था प्रस्तावित बीमक भएमा सो संस्थाको विदेशी संस्थापकले बुँदा नं. १.१ मा उल्लेख भएका कागजातहरुको अतिरिक्त देहाय बमोजिमका थप कागजातहरु समेत पेश गर्नु पर्नेछ :

(क) विदेशी संस्थापकको सम्बन्धित देशको बीमा नियमनकारी निकायको देहायका कुराहरु समेत खुल्ने स्वीकृति पत्र ।

(१) नियमनकारी निकायबाट कुनै काम कारवाही गर्न रोक लगाएको भए सो अवधि समाप्त भएको प्रमाण ।

(२) नेपाल भित्र संचालन गर्न प्रस्ताव गरेको बीमा व्यवसाय उक्त देशमा संचालन गरिरहेको ।

(ख) लेखापरीक्षण गरिएको पछिल्लो ३ वर्षको अवधिमा सकारात्मक नेटवर्थ (Networth) प्रमाणित हुने आर्थिक बिबरण प्रतिबेदन ।

(ग) नेपाली संस्थापक लगानीकर्ताहरुसँग भएको संयुक्त लगानी सम्झौताको प्रतिलिपि ।

(घ) संयुक्त लगानीमा आउने त्यस्तो विदेशी संस्थाको नेपालमा कुनै संगठित संस्थामा लगानी भए सोको बिबरण खुल्ने कागजात ।

(ङ) सो संस्थाको क्रेडिट वर्दिनेस (Credit Worthiness) देखिने Financial Credibility सम्बन्धी कागजात ।

(च) बिदेशी संस्थाको संचालकहरुको नामावली र शेयर स्वामित्वको अनुपात तथा निजहरुको वित्तीय स्वार्थ भएको संस्था तथा सो संस्थाको संचालकहरुको विवरण खुल्ने कागजात ।

१.४ प्रस्ताबित बीमक बिदेशी संगठित संस्था भएमा बुँदा नं १.१ मा उल्लेख भएका कागजातका अतिरिक्त देहायका थप कागजात नेपाली भाषामा समेत संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(क) बिदेशी संस्थापक बीमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली - २/२ प्रति ।

(ख) बिदेशी बीमा कम्पनीको संचालकहरुको नामावली र शेयर स्वामित्वको अनुपात तथा निजहरुको वित्तीय स्वार्थ भएको संस्था तथा सो संस्थाको संचालकहरुको विवरण खुल्ने कागजात ।

(ग) नेपाल अधिराज्यमा प्रस्तावित बीमक संस्थापना गर्ने सम्बन्धमा संचालक समितिबाट भएको निर्णयको प्रतिलिपि ।

(घ) बिदेशी बीमा कम्पनीले अघिल्लो आर्थिक बर्ष सम्मको कर चुक्ता गरेको वा करमा अद्यावधिक रहेको प्रमाण पत्रको प्रतिलिपि ।

(ङ) सम्बन्धित देशको बीमा नियमनकारी निकायको देहायका कुराहरु समेत खुल्ने स्वीकृति पत्रः

(१) नियमनकारी निकायबाट कुनै काम कारवाही गर्न रोक लगाएको भए सो अवधि समाप्त भएको प्रमाण ।

(२) नेपाल भित्र संचालन गर्न प्रस्ताव गरेको बीमा व्यवसाय उक्त देशमा संचालन गरिरहेको ।

(च) लेखापरीक्षण गरिएको पछिल्लो ३ वर्षको अवधिमा सकारात्मक नेटवर्थ ( Networth) प्रमाणित हुने आर्थिक बिबरण प्रतिबेदन ।

(छ) बिदेशी बीमा कम्पनीको नेपालमा हाल कुनै संगठित संस्थामा लगानी छ भने सो कुरा वा कुनै प्रतिनिधि छ भने सोको बिबरण खुल्ने कागजात ।

# अनुसूची - १

## प्रस्तावित बीमकको संभाव्यता अध्ययन प्रतिवेदनमा समावेश गर्नु पर्ने बुँदाहरु :

**१. नेपालको समष्टिगत आर्थिक अवस्थाको संक्षिप्त विश्लेषण,**

**२. नेपालको बीमा बजारको विद्यमान अवस्था र भविश्यको विश्लेषण,**

**३. नयाँ बीमक स्थापनाको औचित्य,**

**४. व्यवसायिक (कम्तिमा पाँच बर्ष) योजना :**

(क) प्रस्तावित बीमकले स्थायित्व पाउन अवलम्वन गर्ने आधारभूत रणनीति र प्रस्तावित बीमकले दिगो बृद्धि हासिल गर्ने आधार,
(ख) बीमालेख सम्बन्धी योजना,
(ग) बीमा व्यवसायको किसिम र प्रकार,
(घ) पुनर्वीमा सम्बन्धी योजना,
(ङ) शाखा विस्तार नीति,
(च) संगठनात्मक संरचना र व्यवस्थापन सूचना प्रणाली,
(छ) प्रविधि हस्तान्तरण सम्बन्धी योजना,
(ज) कारोवारको भौगोलिक क्षेत्र,
(झ) बजार प्रवेश तथा बिकास रणनीति,
(ञ) लगानी सम्बन्धी योजना,
(ट) जनशक्ति विकास सम्बन्धी योजना,
(ठ) पूँजी उपरको प्रतिफलको योजना

**५. व्यवसायिक प्रक्षेपण (कम्तिमा पाँच बर्षको) :**

(क) पूँजीको संरचना,
(ख) स्थिर सम्पत्तिमा गरिने खर्चको विवरण,
(ग) कार्यालय संचालन खर्चको विवरण,
(घ) कर्मचारी सम्बन्धी खर्चको विवरण,
(ङ) प्रारम्भिक तथा पूर्व संचालन खर्चको विवरण,
(च) बीमाशुल्कको बजारमा अंश र आम्दानी बिबरण,
(छ) लगानी तथा सोबाट आउने आयको विवरण,
(ज) वासलात, नाफा-नोक्सान र नगद प्रवाह विवरण,
(झ) प्रस्तावित बीमकको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT) बारेको विश्लेषण,
(ञ) Payback, IRR-key financial indicator (जस्तैः Gross margin, Net Profit/G.P. Ratio, EPS आदि)।
(ट) व्यवसायीक योजना तथा प्रक्षेपण तयार गर्दाको आधारहरु (Basic Assumption) ।

**६. संवेदनशीलता विश्लेषण (Sensitivity Analysis) :**

(क) प्रस्तावित बीमकको बीमाशुल्क बजारको हिस्सामा ५% ले कमी आएको अवस्था देखिने गरी तयार गरिएको वित्तीय विश्लेषण ,

(ख) प्रस्तावित बीमकको बीमाशुल्क आम्दानीमा ५% ले कमी आएको अवस्था देखिने गरी तयार गरिएको वित्तीय विश्लेषण ,

(ग) प्रस्ताबिक बीमकको लगानीबाट आउने आयमा ५% ले कमी आएको अवस्था देखिने गरी तयार गरिएको वित्तीय विश्लेषण,

(घ) प्रस्ताबित बीमकको प्रक्षेपित बीमा दावीमा ५% ले बृद्धि भएको अवस्था देखिने गरी तयार गरिएको वित्तीय विश्लेषण,

(ङ) खण्ड (क) देखि (घ) सम्मका अवस्थाहरु एकै पटक विद्यमान भएको अवस्था देखिने गरी तयार गरिएको विश्लेषण र त्यस्तो अवस्थामा प्रस्तावित बीमकको निरन्तरताको आधार ।

## अनुसूची -२

## प्रस्तावित बीमकको संस्थापकको व्यक्तिगत विवरण

फोटो

**१. पूरा नाम थर :**
**२. जन्म मिति :**
**३. जन्म स्थान :**
**४. नागरिकता :**
**५. विदेशीको हकमा :**
(क) संस्थाको नाम :
(ख) संस्था दर्ता मिति :
(ग) प्रतिनिधित्व गर्ने व्यक्ति :
नाम :
पद :

**६. पुरा ठेगाना (टेलिफोन/फ्याक्स/इमेल समेत खुल्ने गरी) :**

**७. हालको पेशा :**
(क) कार्यालयको नाम :
(ख) ठेगाना :
(ग) व्यवसायको प्रकृति/काम :
(घ) पदको नाम :
(ङ) टेलिफोन/ फ्याक्स/ईमेल :

**८. बैवाहिक स्थिति :**
(क) विवाहित/ अविवाहित/ सम्बन्ध विच्छेद भई अलग बसेको
(ख) विवाहितको हकमा पति/पत्नीको नाम :
(ग) पति/पत्नीको पेशा :
(घ) आश्रितहरुको विवरण

| पुरा नाम | सम्बन्ध | उमेर | शैक्षिक योग्यता |
|---|---|---|---|
| | | | |
| | | | |

**९. (क) बाबुको**

नाम :

ठेगाना :

पेशा :

**(ख) बाजेको**

नाम :

ठेगाना :

**१०. शैक्षिक योग्यता :**

| तह | संस्थाको नाम, ठेगाना | अध्ययन वर्ष | विषय | उपाधि लिएको मिति |
|---|---|---|---|---|
| स्नातक | | | | |
| स्नातकोत्तर | | | | |
| विद्यावारिधि | | | | |
| पेशागत उपाधि | | | | |
| अन्य | | | | |
| (क) | | | | |
| (ख) | | | | |
| (ग) | | | | |

**११. रोजगारी/अनुभव /तालिमको अभिलेख (विगत ५ वर्षको) :**

| संस्थाको नाम, ठेगाना | अवधि | पद | काम छोड्नुको कारण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**१२. पेशागत (Professional) विषयमा काम गर्ने ईजाजत सम्बन्धित बिबरण :**

(क) इजाजतको प्रकृति :

(ख) इजाजत लिएको मिति :

(ग) इजाजत नम्वर :

(घ) इजाजत दिने संस्था र ठेगाना :

**१३. व्यवसायिक क्षमताको आधारमा, बीमा समितिबाट निरीक्षण तथा अनुगमन गर्नुपर्ने संस्थामा काम गरेको भए सोको बिबरण :**

(क) संस्थाको नाम, ठेगाना

(ख) कामको प्रकृति

(ग) सम्वन्धित संस्थाबाट संस्थापक हुनको लागि दिएको स्वीकृति पत्र

**१४. प्रस्तावित बीमकमा लगानी सम्बन्धी बिबरण :**

(क). लगानी गर्न लागेको रकम रु..................(अक्षरेपी..........................)

(ख) कुल चुक्ता पूँजीको प्रतिशत

नोटः १. प्रस्तावित बीमकको शेयरमा लगानी गर्न लागेको रकमको श्रोतको बिबरण :

**<u>लगानी रकमको श्रोत विवरण</u>**

| आयको श्रोत | आ.ब. | रकम | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

माथि उल्लेख गरिएको विवरण ठिक साँचो हुन् । यी कुनै पनि विषयमा जाँचबुझ/छानविन तथा मैले दिएको विवरण सार्वजनिक गर्न मेरो मञ्जुरी छ । झुठो भएमा यसैका आधारमा बीमक दर्ताको इजाजत पत्र नदिएमा मेरो मञ्जुरी छ ।

दस्तखत :

नाम :

मिति :

**ख. <u>मापदण्ड बारे</u> ।**

**बीमा ऐन, २०४९ को दफा १० को उपदफा (४) को व्यवस्था बमोजिम जीवन बीमा व्यवसाय संचालन गर्ने प्रमाणपत्र प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गर्ने सम्बन्धमा समितिबाट देहायका मापदण्डहरु निर्धारण गरिएको छ :-**

१. प्रस्ताबित बीमकको तीस (३०%) प्रतिशत शेयर अनिवार्य रुपमा सर्बसाधारणलाई बिक्री गर्नु पर्ने छ । यसरी सर्वसाधारणलाई छुट्याइएको शेयरबाट कर्मचारी वा संगठित संस्थालाई अलग्गै बिक्री बितरण गर्न पाइने छैन ।

२. प्रस्ताबित बीमकको पूर्ब संचालन (Pre-operating) खर्च चुक्ता पूँजीको ०.५% भन्दा बढी हुनु हुँदैन ।

३. प्रस्ताबित बीमकको संस्थापकहरुको योग्यता/अयोग्यताको आधार अनुसूची- १ बमोजिम हुनु पर्ने छ ।

४. प्रस्ताबित बीमकको संचालकहरुको योग्यता /अयोग्यताको आधार अनुसूची -२ बमोजिम हुनुपर्नेछ ।

५. प्रस्ताबित बीमकको प्रमुख व्यवस्थापकको अनुभव र योग्यता/अयोग्यताको आधार अनुसूची-३ बमोजिम हुनु पर्नेछ ।

६. प्रस्ताबित बीमकको जोखिमाङ्कन (Underwriting), पूनर्बीमा (Re- Insurance) तथा दाबी (Claim) बिभाग हेर्ने कम्तिमा तीन जना बिभागिय प्रमुखको योग्यता/अयोग्यताको आधार अनुसूची-४ बमोजिम हुनु पर्नेछ ।

७. प्रस्ताबित बीमकको चुक्ता पूँजीको १५% वा सो भन्दा बढी शेयर एउटै परिवारको स्वामित्वमा हुनु हुँदैन ।

८. प्रस्तावित बीमकको संस्थापक वा संचालक जीबन बीमा व्यवसाय गर्ने अर्को बीमकको संस्थापक वा संचालक भएको हुनु हुँदैन ।

९. प्रस्ताबित बीमकको संस्थापकमा बाणिज्य बैंक बिकास बैंक तथा बित्तिय संस्थाहरु मध्ये कम्तिमा एउटा हुनु पर्नेछ ।

१०. समितिको पूर्ब स्वीकृति लिएर मात्र प्रस्ताबित बीमकको संस्थापक परिवर्तन गर्न सकिनेछ ।

## अनुसूची - १

## संस्थापकको लागि योग्यता र अयोग्यताका आधारहरु

**प्रस्तावित बीमकका संस्थापकहरुको योग्यता र अयोग्यता देहाय वमोजिम तोकिएको छ :**

१. **योग्यता** :

बीमकका संस्थापकहरु मध्ये कम्तीमा एक तिहाई संस्थापकहरु कम्तीमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको हुनुपर्ने छ ।

२. **अयोग्य भएको मानिने अवस्था** :

(क) २१ वर्ष उमेर पूरा नभएको,

(ख) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ग) प्रचलित कानून बमोजिम दामासाहीमा परेको,

(घ) बीमा ऐन, २०४९ को दफा ३६ को उप-दफा (३) बमोजिम सजाँय पाएको तीन बर्ष पुरा नभएको,

(ङ) बैंक वा वित्तीय संस्थासंगको कुनै कारोबारमा कालोसूचीमा परी सो सूचीबाट नहटेको,

(च) प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भई त्यस्तो कर चुक्ता नगरेको,

(छ) नैतिक पतन देखिने फौज्दारी कसुरमा अदालतबाट सजाँय पाएको ।

(ज) बीमा समितिको भूतपूर्व पदाधिकारी वा अधिकृत प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा कार्यरत स्थायी कर्मचारीको हकमा पदबाट हटेको एक बर्ष पुरा नभएको ।

# अनुसूची - २

## <u>सञ्चालकको लागि योग्यता र अयोग्यताका आधारहरु</u>

**प्रस्तावित बीमकका संचालकहरुको योग्यता र अयोग्यता देहाय वमोजिम तोकिएको छ :**

**१. <u>योग्यता</u> :**

बीमकका संचालकहरु मध्ये कम्तिमा एक तिहाई संचालकहरु कम्तीमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको र कम्तिमा एक तिहाई संचालकहरु उधोग, ब्यापार वा पेशागत सेवामा संस्थापक वा संचालक रही कम्तिमा पाँच बर्षको अनुभव भएको हुनु पर्नेछ।

**२. <u>अयोग्य भएको मानिने अवस्था</u> :**

(क) २१ वर्ष उमेर पूरा नभएको,

(ख) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ग) प्रचलित कानून बमोजिम दामासाहीमा परेको,

(घ) बीमा ऐन, २०४९ को दफा ३६ को उप-दफा (३) बमोजिम सजाँय पाएको तीन बर्ष पुरा नभएको,

(ङ) बैंक वा वित्तीय संस्थासंगको कुनै कारोबारमा कालोसूचीमा परी सो सूचीबाट नहटेको,

(च) प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भई त्यस्तो कर चुक्ता नगरेको,

(छ) नैतिक पतन देखिने फौज्दारी कसूरमा अदालतबाट सजाँय पाएको ,

(ज) बीमा समितिको भूतपूर्व पदाधिकारी वा अधिकृत प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा कार्यरत स्थायी कर्मचारीको हकमा पदबाट हटेको दुई बर्ष पुरा नभएको ।

## अनुसूची - ३

## <u>प्रमुख ब्यवस्थापकको लागि योग्यता र अयोग्यताका आधारहरु</u>

**प्रस्तावित बीमकको प्रमुख ब्यवस्थापकको योग्यता र अयोग्यता देहाय वमोजिम तोकिएको छ :**

**१. योग्यता :**

(क) कम्तिमा स्नातक तह उत्तिर्ण गरी बीमा क्षेत्रको ब्यवस्थापक वा सो सरह तहमा रही दश (१०) वर्ष कार्य गरेको,

(ख) कम्तिमा स्नातकोत्तर तह उत्तिर्ण गरी बीमा क्षेत्रको वा बैंक वा वित्तीय संस्थाको ब्यवस्थापक वा सो सरह तहमा रही पाँच (५) वर्ष कार्य गरेको,

(ग) कम्तिमा स्नातक तह उत्तिर्ण गरी सम्बन्धित बीमा सम्बन्धी ब्यवसायिक अध्ययनमा फेलोसिप उपाधी हासिल गरेको,

(घ) कम्तिमा स्नातकोत्तर तह उत्तिर्ण गरी बीमा सम्बन्धी ब्यवसायिक अध्ययनमा कम्तिमा एसोसिएटसिप उपाधी हासिल गरेको,

(ङ) चार्टर्ड एकाउण्टेन्सी परिक्षा उत्तिर्ण गरी बीमकको ब्यवस्थापक वा सो सरह तहमा रही कम्तिमा पाँच (५) वर्ष कार्य गरेको,

(च) बीमाङ्की सम्बन्धी ब्यवसायिक अध्ययनमा कम्तिमा फेलोसिप वा सो सरह तह उत्तिर्ण गरेको वा उपाधी हासिल गरेको,

(छ) कम्तिमा स्नातक तह उत्तिर्ण गरी सम्बन्धित बीमा सम्बन्धी ब्यवसायिक अध्ययनमा एसोसिएटसिप उपाधी हासिल गरी बीमा क्षेत्रको ब्यवस्थापक वा सो सरह तहमा रही पाँच (५) बर्ष कार्य गरेको वा

(ज) कम्तीमा बीमा बिषयमा स्नातकोत्तर तह उत्तिर्ण गरी बीमा क्षेत्रको ब्यवस्थापक वा सो सरहको तहमा रही तीन (३) बर्ष कार्य गरेको ।

**२. <u>अयोग्य भएको मानिने अवस्था</u> :**

(क) २१ वर्ष उमेर पूरा नभएको,

(ख) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ग) प्रचलित कानून बमोजिम दामासाहीमा परेको,

(घ) बीमा ऐन, २०४९ को दफा ३६ को उप-दफा (३) बमोजिम सजाँय पाएको तीन बर्ष पुरा नभएको,

(ङ) बैंक वा वित्तीय संस्थासंगको कुनै कारोबारमा कालोसूचीमा परी सो सूचीबाट नहटेको,

(च) प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भई त्यस्तो कर चुक्ता नगरेको,

(छ) नैतिक पतन देखिने फौज्दारी कसूरमा अदालतबाट सजाँय पाएको,

(ज) बीमा समितिको भूतपूर्व पदाधिकारी वा अधिकृत प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा कार्यरत स्थायी कर्मचारीको हकमा पदबाट हटेको दुई बर्ष पुरा नभएको ।

## अनुसूची - ४

## विभागीय प्रमुखहरुको लागि योग्यता र अयोग्यताका आधारहरु

**प्रस्तावित बीमकको विभागीय प्रमुखहरुको योग्यता र अयोग्यता देहाय वमोजिम तोकिएको छ :**

### १. योग्यता :

(क) स्नातक तह उत्तिर्ण गरी बीमा क्षेत्रको व्यवस्थापक वा सो सरह तहमा रही पाँच (५) वर्ष कार्य गरेको वा,

(ख) स्नातकोत्तर तह उत्तिर्ण गरी बीमा क्षेत्रको वा बैंक वा वित्तीय संस्थाको व्यवस्थापक वा सो सरह तहमा तीन (३) वर्ष कार्य गरेको,

(ग) कम्तिमा स्नातक तह उर्तिण गरी बीमा सम्बन्धी व्यवसायीक अध्ययनमा फेलोसिप उपाधी हासिल गरेको,

(घ) कम्तिमा स्नातक तह उत्तिर्ण गरी सम्बन्धित बीमा सम्बन्धी व्यवसायिक अध्ययनमा एसोसिएटसिप उपाधी हासिल गरी बीमा क्षेत्रको व्यवस्थापक वा सो सरहको तहमा कम्तिमा एक (१) बर्ष कार्य गरेको,

(ङ) कम्तिमा स्नातक तह उत्तिर्ण गरी बीमा सम्बन्धी व्यवसायिक अध्ययनमा कम्तिमा लाइसेन्सिएटसिप उपाधी हासिल गरी बीमा क्षेत्रको व्यवस्थापक वा सो सरहको तहमा कम्तिमा तीन (३) बर्ष कार्य गरेको,

(च) बीमाङ्की सम्बन्धी व्यवसायिक अध्ययनमा कम्तिमा एसोसिएटसिप उपाधी हासिल गरेको  वा सो सरह तह उत्तिर्ण गरेको,

(छ) चार्टर्ड एकाउण्टेन्सी परीक्षा उत्तिर्ण गरी बीमा, बैकिङ्ग वा संगठित संस्थामा कम्तिमा तीन (३) बर्षको अनुभव हासिल गरेको,

(ज) कम्तीमा स्नातक तह उत्तिर्ण गरी बीमा मूल बिषय लिई डिप्लोमा उपाधी हासिल गरी बीमा क्षेत्रको व्यवस्थापक वा सो सरह तहमा रही चार (४) बर्ष कार्य गरेको वा

(झ) कम्तीमा  बीमा बिषयमा स्नातक तह उत्तिर्ण गरी बीमा क्षेत्रको व्यवस्थापक वा सो सरह तहमा रही तीन (३) बर्ष कार्य गरेको ।

### २. अयोग्य भएको मानिने अवस्था :

(क) २१ वर्ष उमेर पूरा नभएको,

(ख) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ग) प्रचलित कानून बमोजिम दामासाहीमा परेको,

(घ) बीमा ऐन, २०४९ को दफा ३६ को उप-दफा (३) बमोजिम सजाँय पाएको तीन बर्ष पुरा नभएको,

(ङ) नैतिक पतन देखिने फौज्दारी कसूरमा अदालतबाट सजाँय पाएको ।